पाँचथर जिल्ला अदालतबाट प्रकाशित

१५ दिने सूचना

(मानाचामल विगो नं. २८, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला पाँचथर फालेलुङ गा.पा. वडा नं. ७ बस्ने नाबालक नुनाम आङबो र नाबालिका छोरी नुमा आङबो को संरक्षक जिल्ला पाँचथर फालेलुङ गा.पा. वडा नं. ७ घर भई हाल जिल्ला ताप्लेजुङ सिरिजङघा गा.पा. वडा नं.७ माईतीघर बस्ने सुस्मा लेम्बु र प्रतिवादी जिल्ला पाँचथर फालेलुङ गा.पा. वडा नं. ७ बस्ने रमेशहाङ आङबो भएको मु.नं. ०७९-CP-००३६ को मानाचामल मुद्दामा पाँचथर जिल्ला अदालतको मिति २०८०/११/१३ गतेको फैसला बाट नाबालिका बादीहरुले प्रतिवादीबाट मासिक रु.५,०००।– का दरले १८ वर्ष पूरा नभएसम्म मानाचामल खर्च पाउने ठहरी फैसला भए बमोजिम बादीहरु नाबालक नुनाम आङबो र नाबालिका छोरी नुमा आङबो ले फिराद परेको मिति २०७९।०४।३० बाट मानाचामल खर्च दिलाई भराई पाउँ भनी वादीहरुको दरखास्त परी कारबाहीको सिलसिलामा बादीले दरखास्तमा देखाएको तपसिलको जेथा डाक लिलाम गरी विगो भराईदिनु परेको हुँदा यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०८२/१०/१३ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा मिति २०८२/११/२६ गतेको डाक बढाबढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, फालेलुङ गा.पा. ७ नं. वडा कार्यालयमा-१ , मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०८२/११/२६ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

क्र.सं.	जिल्ला	गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल	दर्तावाला
१	पाँचथर	सिदिन	९/क	४४३	५-३-०-१	रमेशहाङ आङबो
२	पाँचथर	सिदिन	९/क	२२७	०-९-१-३	सन्त बहादुर आङबो
३	पाँचथर	सिदिन	९/क	२३६	१-१२-२-२	सन्त बहादुर आङबो
४	पाँचथर	सिदिन	९/क	२३४	६-०-२-३	सन्त बहादुर आङबो
५	पाँचथर	सिदिन	९/क	४४३	१-१-२-०	सन्त बहादुर आङबो
६	पाँचथर	सिदिन	९/क	२००	३-१४-०-२	सन्त बहादुर आङबो
७	पाँचथर	सिदिन	९/घ	३१	१३-५-२-३	सन्त बहादुर आङबो

ईति सम्वत २०८२ साल माघ महिना २२ गते रोज ५ शुभम्----------